# उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलास

२०७३

☎०८१-५३१४६४


पत्र संख्या:- ०८१/०८२
चलानी नम्बर:- ९८१६

मिति:-२०८१/०६/१५
ने.सं. ११४४ ञलागा १४, मंगलवार

**बिषय: वैतनिक कानून व्यवसायी नियुक्ति सम्बन्धी सूचना।**

यस अदालतमा मिति २०८१।०७।१७ गते देखि वैतनिक कानून व्यवसायी पद रिक्त हुने भएकोले उक्त रिक्त हुने वैतनिक कानून व्यवसायी पदमा रही काम गर्न इच्छुक देहाय बमोजिमको योग्यता पुगेका अधिवक्ताहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (१५ औं दिन सार्वजनिक विदा भै अदालत बन्द रहेको भए अदालत खुलेको पहिलो दिन) देहाय बमोजिमको प्रमाण कागजात साथ राखी तोकिएको अवधि भित्र रु.१० को नगदी रसिद संलग्न गरी यस अदालतमा दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी वा रित नपुगी आएको दरखास्त उपर कुनै कारवाही गरिने छैन।

२०८१।६।१५

(सरोजनिधि वाग्ले)
नि. रजिष्ट्रार

१. पद:- वैतनिक कानून व्यवसायी
२. अवधि:- १(एक) बर्ष
३. योग्यता:- अधिवक्ताको हैसियतले कम्तिमा २ बर्षको वकालतको अनुभव प्राप्त भएको निजी कानून व्यवसायमा अत्याधिक व्यस्त हुन नहुने।
४. मासिक पारिश्रमिक:- प्रचलित कानून बमोजिम हुनेछ।
५. प्रदान गर्नु पर्ने सेवा:- अदालतले तोकेको असमर्थ पक्षको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्न अदालती लिखत तयार गरी पेश गर्ने र आवश्यक कानूनी सल्लाह दिने एवं कारागार भ्रमण गरी प्रतिवेदन पेश गर्ने लगायत अदालतबाट तोकिएको अन्य कार्य गर्ने।
६. संलग्न गर्नु पर्ने कागजातहरु:-
   (क) कानूनमा स्नातक/स्नातकोत्तरको प्रमाणपत्रको प्रतिलिपी।
   (ख) नेपाली नागरिकताको प्रमाणपत्र र अधिवक्ताको प्रमाणपत्रको प्रतिलिपी।
   (ग) सम्बन्धित विषयमा कुनै तालिम प्राप्त भए सोको प्रतिलिपी।
७. छनौट प्रकृया:- अन्तरवार्ता र तोकिएका अन्य आधारमा हुने।
८. सम्पर्क मिति:- मिति २०८१।०७।०२ गते (उक्त दिन सार्वजनिक विदा परेमा सो पछि अड्डा खुलेको पहिलो दिन)
९. नियुक्ति लिन आउनुपर्ने अवधि:- नियुक्तिका लागि छनौट भएका उम्मेदवारले सो छनौट भएको ७ दिनभित्र नियुक्ति लिन आउनु पर्ने।


websitehttp://supremcourt.gov.np/court/neplgunjhc
phone No. : 081-531464
Email : adminhcinepalgunj@supremcourt.gov.np., Email : info.hcnepalgunj@ssupremcourt.gov.np


"न्यायपालिकाको स्वतन्त्रता, न्यायिक सुशासन हाम्रो प्रतिवद्धता"